रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १ रामग्राम, माघ ११ गते, २०७५ साल संख्या १०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रामग्राम नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## रामग्राम नगरपालिकाको पशुपंक्षी फर्म अभिलेख दर्ता तथा नविकरण कार्यविधि २०७५

पृष्ठभुमी

कुल ग्राहस्त उत्पादनमा पशुपालनको ११ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजाने पशुपंक्षी पालन र उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट व्यवसायिकरणमा परिणत गर्दै पशुपालन व्यवसायमा तिव्रतर लगानी गर्दै लानु आवश्यक छ। पशु पालनका क्षेत्रमा अग्र स्थानमा रहेको यस रामग्राम नगरपालिकामा रहेका पशुपालक कृषकलाई व्यवसायिक पशुपालन तर्फ अग्रसर वनाई स्वरोजगारी सिर्जना गर्नका लागी यस क्षेत्रमा रहेका पशुपंक्षी पालक कृषकहरुको व्यवसाय सरल,सहज,पारदर्शी र प्रभावकारी रुपमा यस रामग्राम नगरपालिकामा नियममानुसार दर्ता गर्न पशुपंक्षी फर्म अभिलेख दर्ता नविकरण कार्यविधि २०७५ जारी गरिएको छ।

### परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम रामग्राम नगरपालिकाको पशुपंक्षी फर्म दर्ता नविकरण कार्यविधि २०७५ रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

क) नगरपालिका भन्नाले रामग्राम नगरपालिका सम्झनुपर्नेछ।

ख) शाखा भन्नाले रामग्राम नगरपालिका पशु सेवा शाखा सम्झनुपर्नेछ।

ग) निजिफर्म भन्नाले एकल स्वामित्वमा रहि संचालन गरेको फर्म सम्झनुपर्नेछ ।
घ) समूह,साझेदारी, समिति तथा सहकारी भन्नाले सामुहिक रुपमा पशुपंक्षीपालन व्यवसाय संचालन गरेको सम्झनुपर्नेछ ।

३. उद्देश्य :
क) नेपाल सरकारको विद्यमान पशुपालन नीति  तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
ख) परम्परागत रुपमा संचालित निर्वाहमुखी पशुपालन व्यवसायलाई व्यवसायिक रुपमा अभिवृद्धि गर्दै स्थानिय स्तरमै स्वरोजगारी सिर्जना गर्ने ।
ग) पशुपंक्षीजन्य उत्पादनको परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्यूनिकरण गर्ने ।
घ) पशुपालन व्यसायबाट उन्नत नश्लका पशु उत्पादनमा जोड दिने ।

४)कार्यक्रम अर्न्तगत गरिने क्रियाकलापहरु :
पशुपंक्षी फर्म दर्ता नविकरणका लागी गरिने क्रियाकलाप :
क) निजि तथा सामुहिक रुपमा संचालित गाई,भैसी,भेडा,बाखा,बंगुर,हासँ,कुखुरा पालन व्यवसायीक फर्म दर्ता तथा नविकरण गर्ने ।

## परिच्छेद २
## पशुपक्षी अभिलेख फर्मदर्ता नविकरण संचालन विधि

५) पशुपंक्षी फर्म दर्ता सम्वन्धि व्यवस्था

५.१) रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय परासी नवलपरासीको क्षेत्र भित्र पर्ने व्यवसायिक पशुपंक्षीपालक कृषकले आफुले पालन गर्ने क्षेत्र वरिपरि रहेका समुदायलाई असर नगर्ने तथा  वातावरणीय दृष्टिकोणले उपयुक्त स्थानको छनोट गरि व्यवसाय संचालन गर्नुपर्ने ।
५.२) कृषकले ५.१ अनुसार व्यवसाय संचालन गरी यस कार्यविधि बमोजिम नगरपालिकामा पशुपंक्षी फर्मदर्ता गर्नका लागी कम्तिमा देहायअनुसारका पशु संख्या पालन गरेको हुनुपर्ने ।
क) गाईभैसी फर्म भएमा :
निजि फर्म भएमा  ५ वटा उन्नत दुधालु गाईभैसी पालन गरी दुध उत्पादन सुरु गरेको हुनुपर्ने छ । तथा समुह,साझेदारी भएमा पशुपालन गरेका भएमा कम्तिमा १० जना सदस्य रहेको प्रति सदस्य कम्तिमा ५ वटा गरि कुल कम्तिमा १०० वटा उन्नत दुधालु गाईभैसी पालन गरी दुध उत्पादन सुरु गरेको हुनुपर्ने छ ।
ख) भेडाबाखा फर्म भएमा :

निजि फर्म भएमा ५० वटा प्रजनन योग्य माउ भेडाबाखा पालन गरिरहेको , समूह,साझेदारी भएमा कम्तिमा ५ जना सदस्य भएको प्रत्येक कृषक सदस्यसँग औषतमा १० वटा प्रजनन योग्य माउ भेडाबाखा पालन गरिरहेका तथा सहकारी भएमा कम्तिमा २५ जना सदस्य भएको प्रत्येक कृषक सदस्यसँग औषतमा १० वटा प्रजनन योग्य माउ भेडाबाखा पालन गरिरहेका हुनुपर्ने छ ।

ग) वंगुर फर्म भएमा :

वंगुर पालन व्यवसायका लागी निजि फर्म भएमा ५ वटा माउँ र मासु उत्पादनको लागी भएमा कम्तिमा १५ वटा बंगुरपालन गरिरहेको तथा समूहमा भएमा ५ जना सदस्य भएको प्रत्येक कृषक सदस्यसँग औषतमा ५ वटा माउँ र मासु उत्पादनको लागी भएमा १५ वटा बंगुर पालन गरिरहेको हुनुपर्नेछ ।

घ) हासँकुखुरा भएमा :

कुखुरा पालन व्यवसायका लागी ५०० वटा हासँ अथवा कुखुरा पालन गरिरहेको हुनुपर्ने छ ।

५.३) व्यवसायिक कृषकले ५.२ अनुसार पालन गरिरहेका माउँ गाईभैसीको विमा अनिवार्य रुपमा गरेको हुनुपर्ने छ ।

५.४ व्यवसायिक रुपमा पशुपालन व्यवसाय संचालन गरेका कृषकले सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गरि सो वडा कार्यालयले कृषकले संचालन गरिरहेको व्यवसाय ५.१, ५.२ र ५.३ अनुसार उपयुक्त लागेमा सम्वन्धित कृषकको व्यवसाय रहेको स्थानमा रहेका सवैभन्दा नजिकका कम्तिमा ५ जना छिमेकीबाट सर्जिमिन मुचुल्का गराई गराई चौकिल्ला प्रमाणित सहित नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

५.५ व्यवसायिक पशुपंक्षीपालन फर्म दर्ता गर्नका लागी कृषकले रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालय परासी,नवलपरासीमा निम्न कागजात सहित नगर प्रमुख समक्ष निवेदन पेश गर्ने :

क) कार्यालयले निर्धारण गरेको अनुसुची १ बमोजिमको ढाचामा निवेदन..............................थान १

ख)नागरिकताको प्रमाण पत्रको प्रतिलिपि.......................................................................थान १

ग) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी..........................................................................थान १

घ) जग्गा भाडामा भए कम्तिमा ३ बर्षको लागी सम्झौता भएको सम्झौता पत्रका प्रतिलिपि ..........................................................................................................................थान १

ङ) वडा कार्यालयको सिफारिस,चौकिल्ला प्रमाणित र सर्जिमिन मुचुल्का सक्कल ................१/१ प्रति

च) कार्ययोजना सहितको विधान सक्कल..........................................................................थान १

छ) कुखुराको फर्म भएमा कम्तिमा १५ दिन अवधिको चल्ला खरिद गरेको विल तथा भेटेरीनरी प्रमाणित प्रतिलिपी ..........................................................................................................थान १

ज) समूह,समिति र सहकारी भएमा समूह, समिति र सहकारीका सदस्यहरुको बैठकको निर्णयको प्रतिलिपी ..........................................................................................................थान १

५.६) कृषकबाट प्राप्त निवेदन सहितको आवश्यक कागजात प्राप्त भएपछि नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृत मार्फत आवश्यकता अनुसार नगरपालिका कार्यालय तथा पशु सेवा शाखाबाट अनुसुची २ बमोजिमको फारममा अनुगमन गरि उचित लागेमा रामग्राम नगरपालिका पशु सेवा शाखामा अभिलेखको रुपमा दर्ता गरि प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको

कर्मचारीबाट अनुसुची ३ बमोजिमको पशुपंक्षी फर्म दर्ताको प्रमाण पत्र जारी गरी कृषकलाई हस्तान्तरण गर्ने ।
५.७) उल्लेखित अनुसार दर्ता गरिएको पशुपंक्षी फर्म नगरकार्यपालिकाको कार्यालय,वडा कार्यालयबाट जुनसुकै बखत अनुगमन गर्न सकिने छ निज कृषकले कार्ययोजना र यस कार्यविधि अनुसार फर्म संचालन नगरेको पाईएमा जुनसुकै बखत फर्म दर्ता खारेजी गर्न सक्ने छ ।

६) पशुपंक्षी फर्म नविकरण सम्वन्धि व्यवस्था :
यस कार्यविधिको ५ नं. मा व्यवस्था रहेअनुसार दर्ता गरि संचालन गरेको फर्म कृषकले बार्षिक रुपमा निम्नानुसार प्रकृयापूरा गरी नविकरण गर्नुपर्ने ।
क) नगरपालिका कार्यालय वा निज कार्यालयले तोकेको शाखा तथा वडा कार्यालयमा नविकरण गर्नुपर्ने छ ।
ख) नविकरण गर्दा कृषकको ५ नं.मा व्यवस्था रहेअनुसारका पशुसंख्या कायम रहेको हुनुपर्नेछ ।
ग) समूह,समिति, सहकारीले बार्षिक रुपमा भएगरेको प्रगति सहित आम्दानी खर्चको नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकबाट लेखा परिक्षण गराई पेश गर्नुपर्ने ।
घ) सम्वन्धित वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ ।
ङ) फर्म नविकरण अवधि दर्ता तथा नविकरण समाप्त भएको मितिले ३५ दिन भित्र गराईसक्नुपर्ने छ ।
च) समूह,समिति र सहकारी भएमा सदस्यहरुको भेला तथा बैठकको निर्णयको प्रतिलिपी सहित पेश गर्नुपर्ने छ
छ) उल्लेखित कागजात सहित कृषक स्वयंले अनुसुची १ बमोजिमको फारम भरि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने ।
ज) आवश्यक प्रकृया पुरा गरि पेश भएको निवेदन पशु सेवा शाखा मार्फत प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीबाट अनुसुची ३ बमोजिमको प्रमाण पत्रमा बार्षिक नविकरण गर्ने ।
झ) यसरी नविकरण भएका फर्म,समुह,सहकारीको रेकर्ड पशु सेवा शाखामा अभिलेखको रुपमा राख्ने ।
७) फर्म दर्ता नविकरणका लागी दस्तुर सम्वन्धि व्यवस्था :
पशु पंक्षी फर्म, समूह,समिति,सहकारी दर्ता नविकरणका लागी रामग्राम नगरपालिका नगरसभाले तोके बमोजिम रहने छ ।

८)पशु स्वास्थ्य सम्वन्धमा :
पशुपालक कृषकले आफुले पालन गरेका पशुलाई नियमित रुपमा आवश्यक खोप लगाएको हुनुपर्नेछ साथै सोको रेकर्ड राख्नुपर्ने छ । श्रोत साधनको उपलव्धता अनुसार नगरपालिकाले सहायता समेत प्रदान गर्नेछ ।साथै पशुको नियमित स्वास्थ्य परिक्षण गराई रोगी पशुको उपचार र विशेष व्यवस्थापन गर्नुपर्ने छ ।

९) गोठ खोरको व्यवस्थापन :
पशुपालक कृषकले आफुले पालन गरेका पशुको रक्षाका लागी आवश्यकता अनुसार खोर गोठको व्यवस्थापन गनुपर्ने छ ।

१०) सरसफाई सम्वन्धि व्यवस्था :
पशुपालक कृषकले नियमित रुपमा खोरगोठ र प्रयोग गरिने सामग्रीको सरसफाई गर्नुपर्ने छ। साथै आफुले गरेको व्यवसायले आफ्नो वरिपरिरहेका छिमेकीहरुलाई प्रदुषित वातावरण सिर्जना गर्न पाईने छैन ।

११) कामदारको व्यवस्था :
पशुपालक कृषक,समूह सहकारीले कामदारको रुपमा आफ्नो घरपरिवारका सदस्य र आवश्यकता अनुसार बाह्य कामदार समेत राख्न पाउनेछन् । त्यसरी कामदारको रुपमा प्रयोग गरिने व्यक्ति नेपाल सरकारले तय गरे अनुसारका बालबालिका प्रयोग गर्न पाईने छैन् ।

१२) पशु आहाराको व्यवस्था :
पशुपालक कृषकले पशु आहारामा कम लगानीमा उत्पादकत्व वृद्धि गर्न घासँ खेतीमा जोड दिई दाना जन्य आहारामा कमी गर्दै लानुपर्ने छ । श्रोत साधनको उपलव्धता अनुसार नगरपालिकाले सहायता समेत प्रदान गर्नेछ ।फर्म दर्ताका क्रममा कृषकको घासँ खेतीको समेत अनुगमन गरिने छ ।

१३) नश्ल सुधार सम्वन्धी व्यवस्था :
पशुपालक कृषकले आफुले पालन गरेका पशुहरुबाट उन्नत नश्लका पशु उत्पादनमा जोड दिई सोहि बमोजिम कार्य गर्नु पर्नेछ श्रोत साधनको उपलव्धता अनुसार नगरपालिकाले सहायता समेत प्रदान गर्नेछ ।

१४) थपघट वा हेरफेर गर्न सक्ने :
क) यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन रामग्राम नगरपालिका नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आवश्यकता अनुसार थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ
ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।
ग) यस कार्यविधिमा रहेका व्यवस्था तथा बुदाँहरु यस भन्दा माथिल्लो तहको कानुनसगँ बाझिएमा स्वतः खारेज भएको मानिने छ ।

अनुसुची : १
निवेदन ढाँचाको नमुना

श्रीमान् कार्यालय प्रमुख ज्यू
रामग्राम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,परासी नवलपरासी मिति :................

विषय : फारम दर्ता /नविकरण गरी पाउँ ।

उपरोक्त सम्वन्धमा म नवलपरासी जिल्ला .....................न.पा. वडा नं.....................टोल.............. बस्ने श्री.................................ले तपसिल विवरण अनुसारको कागजात यसै निवेदन साथ संलग्न राखी पेश गरेको व्यहोरा सादर अनुरोध गर्दछु ।

विवरण
१. फर्मको प्रस्तावित नाम र ठेगाना :
२. फर्मको उद्देश्य :
३. शुरु गरेको मिति :
४.पशुपंक्षी संख्या :
५. पशुपंक्षीको किसिम र जात :
६. गोठ/खोरको किसिम :
७. गोठको क्षमता : लम्वाई................चौडाई......................उचाई.............
८. शुरुको लगानी रकम रु...................
९. घाँस लगाएको क्षमता :
१० संचालकको नाम थर र ठेगाना :

| क.सं. | संचालकको नाम | ठेगाना | नागरिकता नं.र जारी भएको जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

११.पशुपंक्षी विमा भए/नभएको,बिमक संस्थाको नाम :
१२.सधियार सहमति पत्र,सिफारिस पत्र छ/छैन :
१३.फर्म संचालन गरेको जग्गा व्यक्तिगत वा भाडामा ,भाडामा भए सम्झौता पत्र छ/छैन :
१४.फर्म निरिक्षण प्रतिवेदन छ/छैन :
निवेदक:
दस्तखत :
नामथर :
ठेगाना :

## अनुसुची २
## पशुपंक्षी फर्म निरीक्षण गर्दा प्रयोग गर्नुपर्ने फारमको नमुना

१.प्रस्तावित फर्मको र ठेगाना :
२. स्थापना मिति :
३. फर्मधनिको नाम र ठेगाना :
४. फर्मको क्षमता : लम्वाई.........................चौडाई............................
५. आयात गरेको ह्याचरी/फर्मको नाम र ठेगाना :
६.हालको पशुपंक्षी संख्या :

| सि.न. | पशुपंक्षीको किसिम | विवरण | उमेर | भाले | पोथी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गाईभैसी | दुहुनो | | | | | |
| | | थारो | | | | | |
| | | कोरली | | | | | |
| | | बाच्छा/बाच्छी | | | | | |
| | | अन्य | | | | | |
| २ | सुगुरबंगुर | माउँ | | | | | |
| | | बरि | | | | | |
| | | पाठापाठी(३मं भन्दा कम | | | | | |
| ३ | भेडाबाखा | माउ | | | | | |
| | | बोका/खसि | | | | | |
| | | व्याठे बोका | | | | | |
| | | पाठापाठी(३महिना भन्दा कम | | | | | |
| ४ | कुखुरा लेयर्स/ब्रोईलर) | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ५ | अन्य | | | | | | |

७. घाँस लगाएको क्षेत्रफल :
८. खोप तालिका भए/भएको :
९. कुल उत्पादन :
१०. बिमा :
११.गोवरग्यास :
१२. जैविक सुरक्षा :
१३. दाना खोप तथा औषधी भण्डारण :
१४. रोग सम्वन्धी
१५. निरिक्षणको टिप्पडी :

निरिक्षण गर्नेको हस्ताक्षर :

अनुसुची ३
पशुपंक्षी फर्म दर्ता प्रमाण पत्रको नमुना

द.नः

रामग्राम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
परासी,नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

कृषक समूह/समिति/फर्म दर्ता प्रमाण पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै पशु प्रसार कार्यलाई टेवा पुर्याउने उद्दश्यले यस जिल्लाको रामग्राम नगरपालिका वडा नं............मा मिति .............................मा गठित श्री ..................कृषक समूह/समिति/फर्मलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

दर्ता मिति :....................................

............................ .............................

पशु चिकित्सक/अधिकृत/सहायक प्रमुख प्रशासकिय अधिकृत

पछाडि भाग :

| नविकरणको व्यहोरा | | | |
|---|---|---|---|
| मिति | नविकरण गरिएको अवधि | दस्तुर बुझाएको रु.,र.न. र मिति | दस्तखत |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रमाणीकरण मिति: २०७५/१०/११

आज्ञाले
उमेश बस्नेत
प्रमुख प्रशासकीय अधिकृत